# रोजगार बीमा

・कम्पनीले मलाई रोजगार बीमामा सहभागी गराउँदैन। मैले के गर्दा राम्रो हुन्छ?
・म राजीनामा दिँदैछु। त्यसैले म बेरोजगारी भत्ता चाहन्छु।

---

**1. रोजगार बीमा भनेको के हो?**

रोजगार बीमा भनेको काम गरिरहेको कम्पनीबाट बर्खास्त गरिएको, राजीनामा दिएको, कम्पनी बन्द भएको, कर्मचारी कटौतीको लागि छोड्न बाध्य भएको जस्ता अवस्थाहरूमा एक निश्चित अवधिको जीवनयापन खर्च प्रदान गरिने प्रणाली हो।

रोजगार बीमा प्रणाली अन्तर्गत कामदारलाई रोजगार दिने व्यवसाय भएमा अधिकांश व्यवसायहरू रोजगार बीमा लागु हुने व्यवसायमा पर्छन्। त्यसकारण, लागु हुने कार्यस्थलमा काम गर्ने कामदार भएमा, अधिकांश व्यक्तिहरू बीमित हुन्छन् र व्यक्तिगत इच्छा जे भए तापनि सहभागी हुनुपर्छ। बीमा शुल्क बीमित र रोजगारदाता दुवैबाट सङ्कलन गरिन्छ।

कम्पनीले सहभागी गराउने प्रक्रिया नगरेमा वा रोजगार बीमा शुल्क तलबबाट कटौती नगरेको खण्डमा सहभागी गराउने प्रक्रिया पूरा भएको छ वा छैन, कम्पनीसँग निश्चय गर्नुहोस्।

**2. सहभागी गराइँदैन भनेर भनिएमा**

रोजगार बीमामा सहभागी गराइँदैन भनेर भनिएको खण्डमा किन सहभागी नगराइने हो र त्यसको कारण स्पष्ट रूपमा निश्चय गर्नुहोस्। छोटो समय काम गर्ने कामदार वा डिस्प्याच कामदार भए तापनि, तोकिएको काम गर्ने समय हप्तामा 20 घण्टा वा सोभन्दा बढी भई 31 दिन वा सोभन्दा बढी रोजगारको सम्भावना भएको व्यक्ति रोजगार बीमामा सहभागी हुन सक्छ। तर ओभरस्टे, बसोबास योग्यता अनुसार काम गर्न अनुमति नभएको व्यक्ति रोजगार बीमामा सहभागी हुन सक्दैन।

कार्यस्थलले रोजगार बीमामा सहभागी नगराउने खण्डमा, रोजगार सुरक्षा कार्यालयमा परामर्श गरी, कार्यस्थललाई सहभागी गराउन निर्देशन दिन भन्नुहोस्। राजीनामा पछि पनि रोजगार सुरक्षा कार्यालयको निर्देशनमा कम्पनीले बितिसकेको मितिमा फर्केर सहभागी गराएको खण्डमा, सो अवधिको बीमा शुल्क रोजगारदाता र बीमितले भुक्तानी गरेमा बेरोजगारी भत्ता प्राप्त गर्न सकिन्छ। तर यो अवस्थामा समयसीमाको कारण 2 वर्ष भन्दा पछि फर्केर सहभागी हुन सकिँदैन।

सहभागी नगराउने भनेर भनिए तापनि, स्पष्ट रूपमा छलफल गरी, सुरुदेखि नै सहभागी प्रक्रिया गराउने प्रयास गर्नुहोस्।

**3. रोजगार समाप्ति प्रमाणपत्र भनेको के हो?**

बीमितले काम छोडेको खण्डमा कार्यस्थलले तुरुन्तै त्यस सम्बन्धी प्रक्रिया नगरीकन हुँदैन। तर काम छोड्नुको कारणलाई लिएर विवाद भएको बेला उक्त प्रक्रिया पर सार्ने वा अस्वीकार गर्ने अवस्था हुन सक्छ। त्यस्तो अवस्थामा, तुरुन्तै कार्यस्थलको अधिकार क्षेत्रको रोजगार सुरक्षा कार्यालयमा परामर्श गर्नुहोस्। रोजगार सुरक्षा कार्यालयले परिस्थिति जाँच गरी कार्यस्थललाई रोजगार समाप्ति प्रमाणपत्रको प्रक्रिया छिटो गर्न ताकेता गर्ने अवस्था पनि हुन्छ।

रोजगार समाप्ति प्रमाणपत्रमा काम छोड्नुको कारण लेख्ने ठाउँ हुन्छ र त्यसमा कार्यस्थलले लेख्छ। काम छोड्नुको कारण अनुसार लाभ पाउने योग्यता निर्धारण मितिदेखि 7 दिनपछिको लाभ अवधिमा प्रतिबन्ध लगाइने अवस्था पनि हुन्छ। "आफ्नै कारणले राजीनामा दिएको" अवस्था यसमा पर्छ तर "आफ्नै कारणले राजीनामा दिएको" भए तापनि उचित कारण भएको भनेर मानिने खण्डमा, "कम्पनीको कारण" सरह मानिन्छ र लाभ प्रतिबन्ध हट्छ। काम छोड्नुको कारण सजिलै बुझिने गरी लेख्न लगाउनुहोस्।

**4. मैले कम्पनीसँग माग गरे तर कम्पनीले आवश्यक कदम चालेन।**

काम छोड्नुको कारण, पारिश्रमिक रकम सच्याउने र रोजगार समाप्ति प्रमाणपत्र जारीको विषयमा कम्पनीले छलफल टार्न खोज्ने अथवा कम्पनीबाट कुनै स्पष्टीकरण पनि प्राप्त गर्न नसक्ने वा छलफलबाट कुनै निष्कर्ष ननिस्कने जस्ता अवस्थाहरूमा तुरुन्तै रोजगार सुरक्षा कार्यालयमा परामर्श गर्नुहोस्।

साथै कानागावा जिल्लाको विदेशी नागरिकहरूको लागि श्रम सम्बन्धी परामर्श काउन्टरमा फोन गरी वा प्रत्यक्ष रूपमा आएर परामर्श गर्नुहोस्।

काउन्टरमा अनुवादक मार्फत समस्याको समाधानका उपायहरूबारे सल्लाह दिने, अवस्था अनुसार कम्पनीमा सम्पर्क गरी सत्य कुरा निश्चय गर्ने जस्ता कुराहरू गरी सम्बन्धित पक्षहरू आफै समाधानमा पुग्न मद्दत गरिन्छ।

---

**पुष्टि गर्नुहोस्।**

□ तपाईं रोजगार बीमाको बीमित हुनुहुन्छ?
□ तपाईंको तलबबाट बीमा शुल्क कटौती भइरहेको छ?

---